# के.आई.सिहं गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

प.स. २०८०।०८१
च.न.

वायल,डोटी
सुदुरपश्चिम प्रदेश, नेपाल।

मिति:२०८१।०३।१०

**विषय: प्रेस विज्ञप्ती।**

श्री सरोकारवालाहरु सबै,

प्रस्तुत विषयमा महालेखा परिक्षकको कार्यालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०७९।०८० को अन्तिम लेखा परिक्षण प्रतिवेदनमा उल्लेख भएको यस गाउँपालिकाको पेश्की बेरुजुलाई लिएर विभिन्न संचार माध्यम र सामाजिक संञ्जालबाट समाचार प्रकाशित भैरहेको विषयमा गाउँपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ।

सम्झौता भए पश्चात काम सुरु गर्नका लागि मोविलाईजेशन पेश्की दिनुपर्ने कानूनी व्यवस्था रहेकोमा तोकिएको समयावधी भित्र काम सुरु नगरेकोले महालेखा परिक्षकको कार्यालयको प्रतिवेदनमा पेश्की बेरुजु उल्लेख गरिएको छ। सोहि विषयलाई विभिन्न समाचार माध्यमहरु र सामाजिक संञ्जालमा तोडमोड गरेर गाउँपालिकाले काम नभई भूक्तानी दिएको भनी समाचार प्रकाशन भएकोमा गाउँपालिकाको आपत्ती छ।

के.आई.सिंह गाउँपालिकाले काम नगराई निर्माण कम्पनीलाई १६ लाख भूक्तानी दिएको भनी समाचार प्रकाशित भएको सन्दर्भमा आर्थिक वर्ष २०७६।०७७ मा संघीय सरकारको विशेष अनुदान तर्फको भूमिगत खानेपानी आयोजना वडा नं ३ र वडा नं ४ मा बजेट विनियोजन भई आएकोले उक्त कार्यका लागि विद्युतिय बोलपत्र मार्फत सार्वजनिक सूचना आह्वान गरी सारभूत रुपमा प्रभावग्राही हुन आएको श्री जय श्री बालाजी निर्माण सेवा,धनगढी कैलाली सँग मिति २०७७।०१।२४ गते सम्झौता सम्पन्न भई सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२ (क) बमोजिम मोविलाईजेशन पेश्की वापत रु १५,९५,२००।- प्रदान गरिएको थियो।

सम्झौता बमोजिमको काम नभएको भनी गाउँपालिकाले निर्माण व्यवसायीलाई मिति २०७७।०९।२१ र मिति २०७८।०२।०३ गतेको पत्रबाट प्रगति विवरण माग गरेको थियो। यस कार्यालयबाट पेश्की बेरुजु दाखिला गर्न निर्माण व्यवसायीलाई पटक पटक ताकेता (मिति २०७९।०४।२०, २०७९।०८।१२, २०८०।१०।१०) गरे पश्चात उक्त निर्माण व्यवसायीले मिति २०८०।१०।१२ गते पेश्की बेरुजु दाखिला गरेको सक्कल भौचर यस गाउँपालिकामा पेश गरिसकेको र गाउँपालिकाले उक्त बेरुजु फर्छयौटका लागि महालेखा परिक्षकको कार्यालयमा पेश गरिसकेको व्यहोरा सम्बन्धीत सबैको जानकारिका लागि अनुरोध छ। साथै यस्ता समाचारहरु प्रकाशन गर्दा तथा सामाजिक संञ्जालमा धारणा राख्दा सम्बन्धीत कार्यालय सँग यथार्थ कुरा बुझिदिनहुन सबैमा हार्दिक अपिल गर्दछौ।

लोकेन्द्र बहादुर शाही
गाउँपालिका अध्यक्ष



Scanned with CamScanner

बैंकको छाप

# राष्ट्रिय वाणिज्य बैंक लि.

अनुसूची २४

शाखा कार्यालय धनगढी

## राजश्व दाखिला फाराम (Deposit Slip)

दाखिला फाराम (Deposit Slip) नं. 14257832 मिति २०८०/१०/१२

राजश्व खाता रहेको बैंक शाखा: राष्ट्रिय वाणिज्य बैंक लि., केन्द्रीय कार्यालय

बैंक खाता नं. | १ | ० | ० | ० | १ | ० | ० | २ | ० | ० | ० | १ | ० | ० | ० | ० |

राजश्व संकलन भएको प्रदेश : सु.प. जिल्ला कैलाली

स्थानीय तह

(रोयल्टीको हकमा कुन प्रदेश र स्थानीय तहको प्राकृतिक स्रोत उपयोग वापतको हो अनिवार्य खुलाउनु पर्नेछ)

प्रयोजन : ...............

कार्यालयको कोड: २०४०९६९०९

कार्यालयको नाम: डिभिजन वन कार्यालय डोटी

राजश्व शिर्षक नं.: १४९९९

दाखिला भएको रकम रु. अंकमा: १४५४२००/-

अक्षरमा: एक लाख पचपन्न हजार दुई सय मात्र ।

आय वर्ष: २०८०/०८१

स्रोत कर कट्टी: हो ☐ होइन ☑

वापत: ढुङ्गा

भुक्तानीको प्रकार: नगद/साधारण चेक/गुडफर पेमेन्ट चेक/ड्राफ्ट/विद्युतिय ट्रान्सफर/अन्य

चेक/ड्राफ्ट नं.

जारी गर्ने बैंक र शाखा:

दाखिला गर्ने फर्म/व्यक्तिको नाम: जयकाली कालाजी निर्माण तथा ट्रेडिङ्ग प्रा.लि.

ठेगाना/फोन नं. समेत धनगढी, कैलाली

भ्याट/पान नं. ६०५५८८०६४

बैंकले भर्ने:

कारोवार संकेत नं. 2080-६५४६११६

दाखिला रकम १४५४२००/-

मिति : २०८०/१०/१२

रकम दाखिला गर्नेको सही

प्रमाणित गर्नेको हस्ताक्षर

यो फारम कम्तिमा २ प्रति तयार गर्नुपर्ने छ । RMIS बाट सिर्जना भएको भौचर नम्बर, राजश्व शिर्षक, रकम र मिति समेत लेखि यसको एक प्रति जम्मा कर्तालाई दिई एक प्रति बैंकले आफ्नो प्रयोजनको लागि राख्नु पर्ने छ । यस राजश्व दाखिला फारमको सट्टा www.rajaswa.fcgo.gov.np मा log in गरी भौचर भर्न सकिने छ ।



Scanned with CamScanner